कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

प्रदेश नं. ५

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०९/३०)**

यस कार्यालयबाट चालु आ.ब. २०७५/७६ मा Supply and Installation of Street Solar Lightening (Gel Type) शिलबन्दि दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकाले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजत पत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

१. अध्यावधीक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिबृद्धि करमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.ब. २०७४/०७५ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको दरभाउपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समयभित्र यस कार्यालयबाट ईच्छुक दरभाउपत्रदाताले दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ । खरिद गरेको दरभाउ पत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ पत्र दाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनमा दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ।

२. दर्ता भएका शिलबन्दी दरभाउ पत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १:०० बजे कार्यालयका प्रतिनिधी तथा दरभाउपत्र दाताहरुको रोहबरमा खोलिने छ । दरभाउपत्रदाताको अनुपस्थिति भएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउ पत्र फाराम साथ जमानत वापत तोकिएको रकम कृषि विकास बैंक, कोहलपुर शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. ०७२०५०१०००२३५२१७ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट बिडबण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरुबाट दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० औ दिन म्याद भएको बिडवण्डको सक्कल संलग्न गर्नुपर्नेछ ।

४. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संशोधनसहित) बमोजिम हुनेछ । शिलबन्दी दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको योजना शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

शिलबन्दी दरभाउ पत्र सम्बन्धी कार्यको विवरण:

| ठे.नं. | कामको विवरण | प्राबिधिक विवरण | ल.ई. रकम(भ्याट बाहेक) | दरभाउ पत्र जमानत रकम | दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| BANKE/KOMUN/ SSL/03-2075/76 | Supply and Installation of Street Solar Lightening | 200 Wp Panel, 100AH Maintenance Free Gel Battery, 40 Watt Lamp | 5,50,964.40 | 16,500 | 1,000 | |

.................................

प्रमुख प्रशासकीय अधिकृत